# कीर्तिपुर नगरपालिका

## ढल्पा सल्यानस्थान जग्गा एकीकरण आयोजनाको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०८/१६

यस कीर्तिपुर नगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) को उपदफा (५) (क) को (२) अनुसार "ढल्पासल्यानस्थान जग्गा एकीकृत" गर्ने कार्यको लागि वडा नं. ३, ४ र ९ भित्र पर्ने तपसिलका ४ किल्ला भित्र पर्ने करिब १६१.३९ हेक्टर क्षेत्र मध्ये करिब १०१.९१ हेक्टर क्षेत्र भित्रका जग्गाहरूमा जग्गा एकीकृत गरि वस्ति विकास गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित जग्गाधनी वा जग्गाको मोही वा निजकोऐन बमोजिम अधिकार प्राप्त वारेसले जग्गाधनी प्रमाण-पुर्जा, मालपोत तिरेको रसिद तथा नेपाली नागरिकताको प्रमाणपत्र १/१ प्रति प्रतिलिपि सहित रु. १० को टिकट टाँस गरी यो सूचना प्रकाशित भएको मितीले ३५ दिनभित्र यस कार्यालय अथवा साईट कार्यालय मार्फत एकीकृत वस्ति विकास गर्नुपर्ने जग्गा तथा सो जग्गामा बनेको घर, टहरा, गोठ, पर्खाल वा रुख, बिरुवा, बोरिग आदि भएमा सो समेत खुलाई हकदाबी गर्न सम्बन्धित सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना अनुसार जग्गा एकीकृत वस्ति विकास नगर्नुपर्ने कुनै कारण भए त्यसको कारण खोली सम्बन्धित जग्गावालाले सो अनुसार यस कार्यालयमा उजुर गर्न सकिनेछ साथै कुनै जग्गाधनी मोहीको जग्गा छूट हुन गएको खण्डमा वा अन्य कुनै कारणवश फरक पर्न गएको खण्डमा सबुत प्रमाणसहित रु.१० को टिकट टाँसी यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र माथि उल्लिखित सम्बन्धित निकायमा दाबी गर्न सरोकारवालाहरू मा यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. पूर्वमा भत्केपाटी चोक —राराहिल स्कूल चोक- ढल्पा वडा नं. ३ कार्यालय सम्म ।
२. पश्चिममा झुल पोखरीबाट —चन्द्रागिरि न.पा हुँदै — बल्खु खोला सम्म
३. उत्तरमा ३ नं. वडा कार्यालय —समलससः रेष्टुरेन्ट—सल्यानस्थान गेट—हिकास्ट कलेज हुँदै मुल खुसी (बल्खु खोला)
४. दक्षिणमा भत्केपाटी बालकुमारी स्कुल हुँदै गाम्चा जाने बाटो ।